# पुनर्वास नगरकार्यपालिकाको कार्यालयको
# सातौ नगरसभामा नगर प्रमुख जीवनराज थापाले पेश गर्नु भएको

## आ.ब. २०७७।७८ को
## बार्षिक नीति तथा कार्यक्रम

## पुनर्वास नगरपालिका
## कंचनपुर

१. यस नगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, नगर सभाका सदस्यहरु सर्वप्रथम पुनर्वास नगरपालिकाको ऐतिहासिक सातौ नगर सभामा हार्दिक स्वागत गर्दछु ।

२. विश्वको मानव समुदाय नै कोभिड १९ (कोरोना भाइरस) को महामारीबाट गुज्रीरहेको यस असहज एवं चुनौतिपूर्ण अवस्थामा आज म यस पुनर्वास नगरपालिकाको नगरसभाकौ सातौ बैठकमाा आगामी आ.व.२०७७।७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

३. नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षबाट प्राप्त उपलब्धि स्वरुप यस ऐतिहासिक क्षणमा अस्तित्वमा आएको यो नगरसभा औपचारिक सभा मात्र नभएर सार्वभौमसत्ता सम्पन्न नेपाली जनताका प्रतिनिधिहरु रहेको ऐतिहासिक संविधानसभाबाट जारी भएको संविधानले स्थानीय तहमै लोकतान्त्रिक अभ्यास, संसदीय संस्कृति, उच्च राजनीतिक संस्कार तथा नेतृत्व विकास गराउँदै जनताका आधारभूत विषय एवं संविधानले तोकी दिएका सीमाहरुको अधीनमा रही स्थानीय विधायकी अभ्यास गर्ने नगरसभा रुपी थलोमा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरु तथा आन्दोलनको क्रममा घाइते, बेपत्ता हुनुभएका नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

४.कोभिड –१९ महामारीका कारण मानव जाति माथी शताब्दिकै सबैभन्दा ठूलो संकट पैदा भएको जग जाहेर नै छ । नेपाली जनता पनि यस महामारीबाट टाढा रहन सकेनन, फलस्वरुप नेपालमा पनि हजारौको संख्यामा संक्रमित देखा परिरहेका छन । देश भित्र र बाहिर नेपाली जनताले पनि यस महामारीबाट ज्यान गुमाइ सकेका छन । यस विषम परिस्थितिमा शोकाकुल परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै यस महामारीबाट संक्रमित पुनर्वासी जनता लगायत उपचाररत सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

५.कोभिड १९ का कारण आज विश्वका सबै देशहरुको आर्थिक अवस्था शिथिल हुन पुगेको छ । उत्पादन र वितरण प्रणालीमा गम्भीर असर परेको छ । विकास र समृद्धिको सपनामा अवरोध खडा गरेको छ । यस महामारीको संक्रमण शुरु हुने वित्तिक्कै संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी स्थानीय सरकारको सक्रिय उपस्थितिका साथ पुनर्वासी जनताको जीवन रक्षाका लागि विभिन्न प्रयासहरु गर्दै आएका छौ । हाम्रो प्रयासमा साथ दिनुहुने सम्पूर्ण नगरवासीहरु, जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, राष्टसेवक कर्मचारीहरु,शिक्षकहरु,सुरक्षा निकाय, समाजसेवी,बुद्धिजिवी लगायत अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा थप संक्रमण फैलन नदिन र यस महामारीबाट विजय प्राप्त गर्नका लागि एकदमै सक्रियता, समन्वय र एकता आवश्यक भएकोले संयमित एवं एकतावद्ध भई दृढताका साथ लाग्न सम्पूर्ण पुनर्वासी जनताहरुमा अपील गर्दछु ।

६.नेपाल सरकारले नेपाली जनता संग गरेको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा प्रति ऐक्यवद्धता जनाउदै सुदुरपश्चिम प्रदेश सरकारले लिएको नीति तथा कार्यक्रम संग तादम्यता एवं सन्तुलन मिलाउदै यस नगरपालिकाले "समृद्ध पुनर्वास,सुखी पुनर्वासी जनता" को दीर्घकालीन सोच राखी आर्थिक वर्ष २०७७।७८ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

७.नेपाल सरकारले विभिन्न अन्ताराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु पूरा गर्नमा सहयोगी भूमिका निर्वाह गर्न नेपालको संविधान अनुसार स्थानीय सरकारको कार्यक्षेत्र अर्न्तगत पर्ने विषयहरुलाई आधार मानी नीति तथा कार्यक्रममा  तयार गरिएको छ ।

८.कोभिड १९ रोकथाम र नियन्त्रणका लागि यो महामारीको सुरुवात संगै नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरी हाम्रो तर्फबाट क्रियाशिल रहदै आएका छौ । स्थानीय सरकारको तर्फबाट राहत कोष स्थापना गरी सरकारी,निजी र अन्य क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा हुने व्यवस्था गरिएको छ । वन्दावन्दीको समयमा नगर क्षेत्रका गरिव,असहा्य तथा विपन्न परिवार, दैनिक कमाइ गरी जीवनयापन गर्ने व्यक्ति तथा कोभिड १९ का कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाइ लक्षित गरी  खाद्यवस्तु तथा अन्य उपभोग्य वस्तुहरु समावेश गरी राहत वितरणको व्यवस्था मिलाइएको छ ।

९.स्थानीय सरकारको प्रभावकारिता वृद्धि गर्न पुनर्वास नगरपालिकालाई कोराना महामारीबाट मुक्त गराउन प्राथमिकता दिने,विभिन्न कार्यक्रमहरुको पुनः प्राथमिकीकरण गर्ने,फजुल खर्च रोक्ने,वित्तीय अनुशासन कायम गर्ने ,स्वास्थ्य र शिक्षा क्षेत्रमा गुणात्मक सुधार गर्ने,कृषि उत्पादन वृद्धी गर्ने र विकास निर्माण कार्यलाई तिब्रता दिने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१०.जिल्ला समन्वय समिति कञ्चनपूर र जिल्लाका अन्य स्थानीय तहहरु संगको समन्वय र सहकार्यमा  महाकाली अस्पतालमा पीसीआर मेसिन खरिद तथा अन्य व्यवस्थापनका लागि अनुदान दिइ कोरोनाबाट संक्रमित व्यक्तिहरुको उपचारका लागि पहल गरिनेछ ।

११.सम्पूर्ण नगरवासी जनतालाई आधारभूत शिक्षा, स्वास्थ्य,रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसरहरु उपलब्ध गराइ शान्त,न्यायपूर्ण,समुन्नत,सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने प्रयास गरी रहेका छौ ।

नगरसभासदस्य ज्यूहरु

यस नगरपालिकाद्वारा आगामी वर्षमा अवलम्बन गरिने क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकास सम्बन्धी नीतिहरु**

१२.निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायमुखी कृषि प्रणालीमा रुपान्तरण गरिनेछ । सहकारी तथा निजी क्षेत्रलाई कृषि उत्पादनतर्फ प्रोत्साहित गर्दै जग्गाको चक्लावन्दी,कृषिको व्यावसायीकरण र आधुनिकीकरण मार्फत कृषि उत्पादक बढाउने कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

१३.कृषिको व्यावसायिकरणका लागि करार,समूह,पट्टा कृषि व्यवसाय प्रणाली र सहकारी खेतीको लागि प्रदेश सरकार संगको समन्वयमा एकीकृत भूमि व्यवस्थापन प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

१४.नगरपालिका क्षेत्रमा हाट बजार स्थापना गर्ने, कृषि मेला,प्रदर्शनी, उत्कृष्ठ कृषक र व्यवसायीलाई पुरुष्कृत गर्नका लागी बजेट बिनियोजन गरि कार्यान्वयन गरिने छ।

१५.परम्परागत एवं निर्वाहमुखी पशु पंक्षी पालन लाई व्यवसायिकरण गर्दै नगरपालिकालाई विशेष क्षेत्र उत्पादनमा आत्म निर्भर बनाउने पशु जन्य पदार्थको निर्यात गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

पशुको आहारा तथा व्यवस्थापनमा सुधार गरिने छ। स्वच्छ उत्पादन स्वस्थ्य जीवनको नीति अपनाईने छ। स्थानीय परम्परागत व्यवसायलाई आधुनिकीकरण प्रबिधि हस्तान्तरण गरिने छ।

१६.कृषि तथा पशुपालनलाई आधुनिकीकरण र व्यवसायमुखी बनाउदै खाद्यान्न,बीउविजन, तरकारी,मासु,दुध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाइनेछ। यसका लागि वडाहरुलाई विशेष पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गरिनेछ। उत्पादित कृषि उपजहरुको व्यवस्थापनका लागि संघीय र प्रदेश सरकार संग समन्वय गरी दुध चिस्यान केन्द्र तथा शित भन्डार (कोल्ड स्टोर )स्थापना गरिनेछ।

१७. किसानहरुलाई प्राविधिक सेवा पुर्याउनका लागि एक वडा एक कृषि प्राविधिक र एक वडा एक पशु प्राविधिक  कार्यक्रम लागू गरिनेछ।

१८.पशुपालन पेशालाई सम्मानित, मर्यादित र पशुपालकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधारका उपायहरुको अवलम्बन गरिनेछ।

१९.कृषि प्रणालीमा सुधार गर्दै वैज्ञानिक कृषि प्रणाली अपनाउन प्रोत्साहित गरी कृषकको आयस्तर वृद्धि गर्न विद्युतीय सिंचाईको व्यवस्था गरिनु को साथै बढी उत्पादनयोग्य उन्नत प्रजातिका विउ विजन, पशुपंक्षी सहुलियत मूल्यमा उपलब्ध गराइनेछ। कृषि पेशालाई जीविकोपार्जनका साथै आयआर्जनको मुख्य श्रोतका रुपमा अपनाइनेछ।

२०.कृषि बाली  तथा पशु पंक्षी वीमा गर्न कृषकलाई प्रोत्साहान गर्ने नीति अवलम्बन गरिनेछ।

२१.नगरपालिकामा गरिने उखु, गहुँ, धान,मकै, केरा तथा तरकारी खेतीलाई व्यवसायिकरण गर्न प्रोत्साहित गरिनेछ। पशुपालनको विकासका लागि बाखा र भैंसी विकास कार्यक्रमलाई व्यावसायिकरण गर्न प्रोत्साहित गरिनेछ।

२२.कृषकहरुलाई प्रविधिउन्मुख भई पेशा संचालन गर्न खेतीपाती तथा पशुपालन सम्वन्धि मागमा आधारित तालिमहरुसंचालन गरिनेछ।

२३.दुग्ध सहकारीहरुको स्तरोन्नती, कृषि उद्योग, कृषि उपज संकलन तथा विक्री केन्द्र, मासु वधशाला एवं मत्स्य केन्द्रको स्थापना र प्रवर्द्धनमा निरन्तरता दिइनेछ।

२४.सार्वजनिक क्षेत्र र निजी क्षेत्रको साझेदारीमा नगर समृद्धिका कार्यहरु संचालन गर्न लगानीमैत्री वातावरण तयार गरिनेछ।

२५.नगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्बन्धित करहरुलाई एकीकृत कर प्रणालीमा आबद्ध गरी दायरा विस्तार सहित कार्यान्वयन गरिने व्यवस्थामा निरन्तरता दिइनेछ। समग्र राजस्व प्रशासनलाई करदातामैत्री बनाइनेछ। कर तथा गैरकर राजस्व संकलन एवम् परिचालनका लागि अनुगमन गरिनेछ।

२६.नगरपालिकाका सम्पूर्ण करदाताहरुको तथ्यांक संकलन एवम् अभिलेख अध्यावधिक कार्यलाई निरन्तरता दिईनेछ। राजस्व असूली कार्यमा सम्बद्ध सबै निकायहरुसँग समन्वय तथा सहकार्य गरी अघि बढ्ने नीति लिइनेछ।

२७.आन्तरिक लेखा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

२८.नगरक्षेत्र भित्रका उद्योगहरुको वर्गीकरण गरी व्यावसायीकरण गर्ने र उद्योगहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धी गर्ने नीति लिइनेछ ।

२९.कृषि र पशुपालनमा आधारित उद्योगहरुलाई अनुदान एवं ऋण दिने नीति अवलम्वन गरिनेछ ।

३०.राजस्व सुधार योजना लागु गरी नीतिगत र कार्यगत सुधारल्याइने, राजस्व मैत्री वातावरणको सिर्जना गर्ने,बजार अनुगमनलाई तिब्रता दिइने ,दण्ड र पुरुस्कार दिइने जस्ता  नीति अवलम्बन गरिनेछ ।

३१.विद्युतिय प्रणालीबाट सहकारी संस्थाको दर्ता,नियमन र प्रवर्द्धन गरिने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । सहकारी संस्थाहरुको क्षमता अभिवृद्धीका लागि एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

३२.सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग गर्ने नीति लिइनेछ ।

३३.“हाम्रा लागि सहकारी र सहकारीका लागि हामी” भन्ने आदर्श वाक्यका साथ सहकारीको विकास, प्रबर्द्धनका कार्यहरु गरी सहकारी क्षेत्रलाई नगर गरिवी निवारणको मुख्य अंगका रुपमा लिइनेछ ।

३४.यस नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थाहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानीका लागि प्रोत्साहन गरिनुका साथै सहकारी सम्बन्धी विभिन्न तालिम संचालनमा  सहयोग गर्नुका साथै नाफामूखी भन्दापनि सेवामूखी बनाइने नीति लिइनेछ ।

३५.प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि नगर क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रमा बेरोजगार सूचिमा दर्ता गर्ने, दर्ता भएका बेरोजगारहरुलाई  प्राथमिकता दिई  युवा रोजगारीका लागि रुपान्तर पहल योजना, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्युनतम रोजगारीको प्रत्याभुति गरिनेछ ।

३६.रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी श्रम बैंकको रुपमा स्थापना गरिनेछ । श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृर्षि, व्यासायिक उद्योग तथा वित्तीय क्षेत्रमा रोजगारीका अवसर सृजनामा जोड दिइनेछ ।

३७.आन्तरिक रोजगारी प्रवर्द्धन गर्न बेरोजगार व्यक्तिहरुलाई विभिन्न सीपमूलक तालिम दिइ दक्ष एवं सक्षम जनशक्तिको विकास गरिनेछ ।

३८.महामारीको रुपमा फैलिएको कोभिड १९ का कारण भारत लगायत अन्य देशबाट रोजगारी गुमाइ फर्कि आएका व्यक्तिहरुको विवरण र उनीहरुले हासिल गरेको सिपको अभिलेख तयार गरी इच्छुक व्यक्तिहरुलाइ माटो सुहाउदो स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

३९.बेरोजगारी, गरीबी र कोभिड १९ को महामारीबाट आक्रान्त गरिब,विपन्न र असहा्य नागरिकहरुलाई भोकबाट जोगाउन तत्काल राहत पुग्ने गरी कामको लागि पारिश्रमीक र कामकोलागि खाद्यान्न कार्यक्रम सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

४०.पर्यटन प्रवर्द्धनका लागि गुरु योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।

४१.नगरपालिका भित्रका पार्कहरुको संरक्षण तथा संवर्द्धन गर्ने नीति लिइनेछ । आइ.बी.आर.डी बजारमा रहेको पार्कलाई "मदन भन्डारी स्मृती पार्क" नामाकरण गरी स्तरोन्नती गरिनेछ ।

४२.प्यारातालालाई नगर क्षेत्रको मुख्य पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

४३.बाह्य पर्यटन प्रवर्द्धन, आन्तरिक पर्यटन, धार्मिक पर्यटन, पर्या पर्यटन प्रवर्द्धनका लागि मेला, उत्सव, समारोह, घरबास लगायतका उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ ।

४४.ऐतिहासिक, धार्मिक, साँस्कृतिक, जैविक पर्यटकीय स्थलको पर्यटन विकासका लागि आवश्यक पूवार्धार विकास र प्रचार प्रसारमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।

४५.आन्तरिक पर्यटन प्रबर्द्धनका लागि कर्मचारी, जनप्रतिनिधि, क्लब, समितिहरु परिचालन गरिनेछ ।

**ख) सामाजिक विकास सम्बन्धी नीतिहरु :**

४६.नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनले स्थानीय तहले गर्ने भनी व्यवस्था गरेका शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयनका लागि आवश्यक शिक्षा सम्बन्धी कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

४७.'म साक्षर, मेरो नगर साक्षर' भन्ने कार्यक्रम सञ्चालन गरी पुनर्वास नगरपालिकालाई साक्षर नगरपालिकाको रुपमा घोषणा गरिनेछ ।

४८.विद्यालय छोडेका वा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन छात्रवृति,दिवा खाजा व्यवस्थापन,नि:शुल्कपाठ्यपुस्तक वितरण, कक्षा कार्यका लागि आवश्यक सामग्रीहरुको आपूर्ति, बालमैत्री विद्यालय वातावरण निर्माण लगायतका उपयुक्त उपायहरु अपनाइनेछ ।

४९.शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय अनुगमनकार्यलाई निरन्तरता दिइनेछ ।

५०.कक्षा ५ र कक्षा ८ को बार्षिक परीक्षा नगरस्तरमा सञ्चालन गरी उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई पुरुस्कृत गर्ने नीति लिइनेछ ।

५१.न्युन विद्यार्थी भएका विद्यालयहरुलाई पायक पर्ने विद्यालयमा समायोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

५२.कोभिड १९ को कारण सिर्जित विषम परिस्थितिमा बालबालिकाहरुको सिकाइ कार्यलाई निरन्तरता दिन संघीय सरकार र प्रदेश सरकारको समन्वयमा विद्युतीय सामग्री,छापा सामग्रीको प्रयोग एवं बैकल्पिक सिकाइको व्यवस्था गरिनेछ । शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५३.कोरोना महामारीको संक्रमणबाट बच्नका लागि सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुलाई मास्क, सेनेटाइजर वा हातधुने साबुन निःशुल्क उपलब्ध गराइनेछ।

५४.सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्धि तथा प्रोत्साहनको लागि आधारभूत र माध्यमिक तहका विद्यालयहरु मध्येबाट उत्कृष्ट कार्यसम्पादन भएका विद्यालयहरु छनौट गरि प्रत्येक वर्ष पुरष्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

५५.सामूदायिक विद्यालयहरुमा अपुग शिक्षक व्यवस्थापन गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरी पठनपाठन संचालन गर्ने व्यवस्था मिलाईनेछ।

५६.बालविकास शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र सामूदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुलाई नगरपालिकाबाट थप प्रोत्साहन सुविधा उपलब्ध गराईने नीतिलाई निरन्तरता दिइनेछ ।

५७.विद्यार्थीहरुमा लुकेर रहेको प्रतिभाहरुलाई उजागर गरी भविष्यमा उनीहरुको रुची एवम् क्षमतालाई मजवूद बनाउँदै लैजानका लागि विभिन्न विधामा नगरस्तरीय विद्यार्थी प्रतियोगिताहरु संचालन गरी तिनीहरुको अभिलेखीकरण समेत गर्ने व्यवस्था गरिनेछ।

५८. नगरपालिका क्षेत्र भित्रका दलित समुदायका ३ जना उत्कृष्ट जेहेन्दार वालवालिकाहरुलाई प्राविधिक शिक्षा आर्जनका लागि प्रोत्साहन स्वरुप प्रति विद्यार्थी रु एक लाखका दरले छात्रवृती उपलब्ध गराइनेछ।

५९. पुनर्वास नगरपालिका भित्रको कुनै पनि विद्यार्थी (गरिब, विपन्न तथा जेहन्दार) MBBS – चिकित्सक) पढ्न चाहेमा प्रत्येक वर्ष १ जनालाई प्रोत्साहन स्वरुप १० लाख दिइने छ।

६०. पुनर्वास भरिका सामुदायिक विद्यालयहरु मध्ये कुनै एउटा लाई आवासीय नमुना र एउटा लाई प्राविधिक विद्यालय स्थापना गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु**

६१. हाल महामारी को रुपमा फैलिरहेको कोभिड १९ (कोरोना)का कारण आई परेको समस्या संग जुध्न अर्थात यस अदृस्य शत्रुसंगको लडाई जित्न यसको रोकथाम एवं नियन्त्रणमा जोड दिईनुका साथै रोकथाम तथा नियन्त्रणमा कोभिड १९ संक्रमित नागरिकहरुको उपचारको लागि छुट्टै आईसोलेशन वार्ड सहितको स्वास्थ्य संचरना तयार गर्ने र अझै व्यवस्थितरुपमा क्वारेन्टीन संचालन तथा व्यवस्थापनलाई निरन्तरता दिईनेछ।

६२. कोभिड १९ को उपचारमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई प्रोत्साहित गरिनुका साथै स्वास्थ्य सुरक्षा सामाग्री (मास्क पञ्जा सेनीटाइजर पिपिई) हरुको अभाव नहुने गरी व्यवस्था मिलाईनेछ।

६३."ज्येष्ठ नागरिक र स्वास्थ्य उपचार सम्मान कार्यक्रम" लाई सञ्चालनमा ल्याई नगरपालिका क्षेत्रका जेष्ठनागरिकहरु भेटघाट, सामग्री वितरण तथा स्वास्थ्य परिक्षण लगायतका क्रियाकलापहरु संचालनमा ल्याईनेछ।

६४. नगरवासी सम्पुर्ण नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको जीवन पद्धति अपनाउन प्रेरित गरिनेछ ।

६५. नगरक्षेत्र भित्रका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य क्लिनिक, वर्थिङ्ग सेन्टरलाई भौतिक तथा मानविय सुविधायुक्त बनाई संचालन एवम् व्यवस्थापन गर्दै नेपाल सरकारले निदृष्ट गरेका निःशुल्क औषधि उपचारको उपलब्धतालाई सहज बनाउन आवश्यक पहल गरिनेछ ।

६६. नगरको स्वास्थ्य क्षेत्रमा विगतदेखि टेवा दिदै आउनुभएका स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६७. विशेषज्ञ चिकित्सा सेवा आवश्यक पर्ने सिकलसेल एनिमिया, आँखा सम्बन्धी रोग, छाला रोग, पाठेघरको क्यान्सर जस्ता रोगको निःशुल्क उपचार एवम् जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गहरुको निःशुल्क स्वास्थ्य परीक्षणका लागि स्थलगत निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।

६८. गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन निरीक्षण गरी समसामयिक सुधार गर्दै लगिनेछ ।

६९. त्रिभुवन स्वास्थ्य चौकीलाई २५ सैयाको अस्पतालमा रुपान्तरण गरी सञ्चालनमा ल्याइनेछ ।

७०. सरसफाई सम्बन्धि छ वटा आधारभूत सूचकहरुलाई सम्बोधन हुने किसिमका आवश्यक कार्यक्रमहरु संचालन गर्ने विगत वर्षको नीतिलाई निरन्तरता दिईनेछ ।

७१. नगरपालिका भित्र रहेका पिछडिएका बस्तीहरुलाई पोष्ट ओ.डि.एफ.कार्यक्रम संचालन गरि जनचेतना जगाउने किसिमका सरसफाई सम्बन्धि कार्यक्रमहरु मार्फत प्रत्येक वडामा सरसफाईका लागि अनुदानको व्यवस्था मिलाई सार्वजनिक शौचालय एवम् स्वास्थ्य तथा सरसफाईका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

७२. संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी नगरवासीहरुलाई स्वच्छ खानेपानीका लागि व्यवस्थापन गरिनेछ ।

७३. समाजिक सुरक्षा भत्ता  रकम बैङ्किक प्रणाली मार्फत प्रत्येक वडामा वितरण गर्ने कार्यक्रमलाई प्रभावकारीता साथ निरन्तरता दिईनेछ ।

७४. नगरलाई बालमैत्री, अपाङ्गमैत्री उन्मूख बनाउदै लैजाने रणनीति अवलम्वन गरि लक्षित वर्गको हक अधिकार सुनिश्चतता र सर्वाङ्गिण विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७५. घरेलु हिंसा, बलात्कार, मानव बेचविखन जस्ता अपराधिक क्रियाकलापहरुलाई पूर्णरुपले निरुत्साहित गर्दै समाजमा रहेका विभिन्न किसिमका हिंसा, विभेद, जातीय छुवाछुत,बालविवाह,बहु विवाह,बोक्सा बोक्सी जस्ता कुरीतिको समूल अन्त्य गरि समता मूलक समाज निर्माण गरिनेछ ।

७६.सामाजिक कुरीतिहरुलाई अन्त्य गर्न सचेतनामूलक,प्रवर्द्धनात्मक र दण्डात्मक नीति अवलम्बन गरिनेछ ।

७७. पुनर्वास नगरपालिकामा रहेका अव्यवस्थित बसोवास, सुकुम्बासी , हलिया तथा मुक्त कमैयाहरुको वसोवास व्यवस्थापनका लागि सम्बन्धित निकायहरु संग आवश्यक पहल गरिनेछ ।

७८. नगरभित्रका सबै भाषा भाषीहरुको कला, संस्कृति तथा साहित्यको सम्वर्द्धन तथा प्रवर्द्धनको लागि विभिन्न संघसंस्थाको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ ।

७९. मातृ_शिशु स्वास्थ्यलाई प्रभावकारी बनाउन नगर क्षेत्रका सम्पूर्ण स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई नगरपालिकाको तर्फबाट दिईने प्रोत्साहन लाई निरन्तरता दिईने छ ।

**नगर सभा सदस्यज्यूहरु**

८०. "युवाको जाँगर, समृद्ध नगर" को अवधारणालाई आत्मसाथ गरी नगरको समृद्धीका लागि युवाशक्ति परिचालनको नीति लिइ नगरका विपन्न र बेरोजगार युवाहरुलाई लक्षित गरी लघुउद्यम कार्यक्रम मार्फत उद्यमशिलताको विकास गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

८१. खेलकुद क्षेत्रमा नगरपालिकाको पहिचान बनाउन तथा क्षेत्रगत विकास गर्न खेलकुदको क्षेत्रमा क्रियाशिल रहेका स्थानीय क्लबहरु एवं प्रतिभाहरुहरुलाई हौसला, सम्मान एवं प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

८२.'स्वस्थ व्यक्ति, नगरको सम्पत्ति' भन्ने नारा लिई नगरस्तरीय खेलकुद विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । यस्ता कार्यक्रमहरु संचालन गर्न आवश्यक भौतिक पूर्वाधारहरुको विकास एवम् संचालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

८३.नगरपालिका क्षेत्रका सामुदायिक माध्यमिक बिद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्ये एक बिद्यालय, एक खेल शिक्षकको व्यवस्थापन गरी नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापहरुलाई निरन्तरता दिईने छ ।

८४.नगर क्षेत्र भित्र खेलकुद सम्बन्धी विभिन्न क्रियाकलापहरु व्यवस्थापनका लागि प्रभावकारी कदम चालिनेछ ।

## ग) पूर्वाधार विकास सम्बन्धी नीतिहरु

८५. पूर्वाधारतर्फ परिणाममुखी ठूला आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

८६. पूर्वाधार सम्बन्धी योजनाहरु सुरु गर्नु भन्दा पहिले प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुलाई नगरपालिकाको तर्फबाट अभिमुखीकरण गरिनेछ ।

८७. संघ र प्रदेश सरकारको समन्वय र सहयोगमा नगरको सामाजिक र आर्थिक रुपान्तरणका लागि चक्रपथ निर्माणको काम प्रारम्भ गरिनेछ ।

८८. नगरपालिकामा संचालनमा रहेका सडकहरु सुचारु राख्न आवश्यकता अनुसार नियमित मर्मत सम्भार गर्ने कार्य गरिनेछ । कालोपत्रे हुन बाँकी सडकहरुलाई क्रमशः कालोपत्रे गर्दै जाने विगत वर्षको नीतिलाई निरन्तरता दिइनेछ ।

८९. सडकहरुको स्तरोन्नती गर्न साविकमा सडक मापडण्ड विपरित निर्माण भएका संरचनाहरुलाई हटाइनेछ । सडकअधिकार क्षेत्र भित्र कुनैपनि किसिमको संरचनाहरु बनाउन नदिने नीति अवलम्बन गरिनेछ । यसका लागि नगरपालिका क्षेत्रकासबै सडकको क्षेत्र सिमाङ्कन गरिनेछ ।

९०. नगरपालिकाभित्र बन्ने सबैखाले भवनहरुका लागि भवन निर्माण आचार संहिता एवम् भवन मापदण्डको पूर्ण पालना गरिनेछ । अब निर्माण हुने सबै सार्वजनिक भवनहरुलाई अपाङ्गमैत्री बनाउन पहल गरिनेछ ।

९१. नगरका मुख्य बजार क्षेत्र एवम् सडकमा फोहर पानी जम्न गई हुने प्रदुषणलाई कम गर्न ढल निकासको लागि सम्बन्धित निकायको सहकार्यमा उपयुक्त कार्य अगाडि बढाईनेछ ।

९२. विकास योजनाहरुलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन दश लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएका निर्माण सम्बन्धी योजनाहरु विद्युतीय टेण्डर प्रणाली ( e_bidding)मा आवद्ध गरी प्रतिस्पर्धाको माध्यमबाट गर्ने, प्रचलित ऐन, नियमानुसार तोकिएका संघसंस्थाहरुका लागि विनियोजित भएका कार्यक्रमहरु सम्बन्धित संघसंस्थाहरुको व्यवस्थापन समितिबाट गर्ने र अनिवार्य लागत सहभागीता हुने तथा प्रचलित कानून बमोजिम व्यवस्थापन नभएका विकास योजनाहरु उपभोक्ता समितिबाट गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९३. नगरका मुख्य सडक र घनावस्ती भित्रका सडकमा सौर्यवत्ती एवं सडकवत्ती जडान गरी उज्यालो नगर कार्यक्रम संचालन गर्न पहल गरिनेछ । ग्रामिण वस्तीमा वायोग्याँसको प्रयोग र उपयोगमा जोड दिइनेछ ।

९४. प्रदेश स्तरीय पुनर्वास रङ्गशाला निर्माणका लागि गृहयोजना तयार गरी प्रदेश सरकार र संघीय सरकार संग आवश्यक पहल गरी निर्माण गरिनेछ ।

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिहरु :**

९५. नगरक्षेत्रका वन, ताल, तलैया तथा सिमसार क्षेत्रहरुको संरक्षण एवम् सम्वर्द्धन गर्न सामुदायिकवन,धार्मिक वन,कबुलियत वनसंग आवश्यक समन्वय गरी कार्यक्रम अघि बढाइनेछ ।

९६. नगरपालिका क्षेत्रभित्र नदी कटान, वन संरक्षण, कृषिक्षेत्रको विकास, घरेलु तथा कुटिर उद्योगहरुको स्थापना र विकासका लागि आवश्यक पहल चालिनेछ ।

९७. जंगली जनावरहरुबाट बालीनालीको सुरक्षा गर्न आवश्यक पहल गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

९८. सडक सौन्दर्यकरणका लागि नगरपालिका भित्रका मुख्य राजमार्ग तथा शाखा सडक र खुला स्थान हरुमा गैर सरकारी संघ संस्था, इच्छुक व्यक्तितथा विकास साझेदारसंगको सहकार्यमा हरियाली विकास तथा ग्रिनबेल्ट निर्माण गरि ग्रीन सिटि,क्लिन सिटि, अभियान सुरु गरिनेछ । **१ घर १० विरुवाको** नीति अवलम्बन गरिनेछ ।

९९. नगरको फोहरमैलाको दिगो व्यवस्थापनको प्रभावकारी उपायको पहिचान गरी टोल विकास संस्था मार्फत कार्यान्वयनमा ल्याउने प्रयास जारी राखिनेछ ।

१००. परिवर्तन र विपद व्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१०१. स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिनुका साथै जलवायु अनुकुलन उद्योग स्थापनामा जोड दिइनेछ ।

१०२. प्राकृतिक विपद र दुर्घटनाको जोखिम न्युनीकरण गर्न प्रदेश सरकार संग समन्वय गरी नगर क्षेत्रका सम्पूर्ण घरधुरीलाई बीमाको दायरामा समेट्ने  व्यवस्था गरिनेछ ।

**(ङ) सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरुः**

१०३. नगरकार्यपालिकाको कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संरचनालाई अध्यावधिक एवम् पुनरावलोकन गर्दै कार्यरत सबै तहका कर्मचारीहरुको कार्यविवरण सहितको जिम्मेवारी दिइनेछ । दिइएको जिम्मेवारी समय मै पुरा गर्ने कर्मचारीको कामको बैज्ञानिक मूल्याङ्कन गरी उत्कृष्टताका आधारमा पुरस्कृत गरिने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०४. नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरुको प्रभावकारी रुपमा संचालन गर्न गराउन सेवाग्राहीहरुबाट सुझाव संकलन, गुनासो व्यवस्थापन, हेल्पडेस्क संचालन र नागरिक वडापत्र सम्बन्धी कार्यलाई आधुनिक प्रविधिमैत्री बनाई चाँडो भन्दा चाँडो सम्बोधन गर्ने प्रणालीको स्थापना एवम् संचालनको व्यवस्था मिलाइनेछ । यस कार्यलाई वडास्तरमा समेत विस्तार गरिनेछ ।

१०५. सार्वजनिक सेवाको गुणस्तर, कार्य शैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ सार्वजनिक परिक्षण जस्ता विधि तथा औजारहरुको प्रयोग गर्ने नीति लिइने छ ।

१०६. नेपाल सरकारबाट स्थानीय तहमा जिम्मेवारी हस्तान्तरण भई आएका विषयगत कार्यालय एवम् निकायहरुको सम्पूर्ण चलअचल सम्पत्तिको स्वामित्व लिई तिनीहरुको सामयिक संरक्षण एवम् निरन्तर उपयोग गरिनेछ ।

१०७. नगरपालिकाबाट प्रवाह गरिने सेवाहरुमा अनियमितता एवम् भ्रष्टाचार हुन नदिन शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ । नगरका कामकार्वाहीहरुलाई सुशासनयुक्त बनाउन क्रियाशिल विभिन्न विधाका पत्रकारहरु मध्ये प्रत्येक बर्ष १ जनालाई नगर सुशासन पत्रकारिता पुरस्कार दिने विगत वर्षको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।

१०८. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९. कर्मचारी प्रशासनलाई जवाफदेही, उत्तरदायी, प्रतिस्पर्धी र उत्प्रेरित बनाउन उपयुक्त व्यवस्था सहितको स्थानीय सेवा सम्बन्धी आवश्यक कानूनहरु निर्माण गरी लागू गरिनेछ । कर्मचारीको मनोबल उच्च राख्दै नगरपालिकाको कामकार्बाही प्रकृयालाई चुस्त, दुरुस्त, मर्यादित र समयमै सम्पादन योग्य बनाउन संघीय सरकारबाट निर्धारण गरिएको मासिक तलबस्केलमा आवश्यकता अनुसार नगरपालिकाको तर्फबाट थप रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउनेनीति लिइनेछ ।

११०. न्यायिक  काम कारवाहीलाई सूचना प्रविधिसँग आवद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ । नगरपालिकाका एघारवटै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।

१११.कानुन भन्दा माथि कोही हुँदैन भन्ने कानूनको सर्वमान्य सिद्धान्तलाई स्वीकार गरी नगरपालिकाको सेवा प्रवाहसँग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन लगायतका आवश्यक कानून तर्जुमा गरी अक्षरशः लागू गरिनेछ ।

११२.नगरमा शान्ति सुरक्षा कायम राख्न न्याय निसाफको कार्यान्वयन  चोरी निकासी नियन्त्रण जस्ता कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन नगर प्रहरी सम्बन्धी कानून तर्जुमा गरी **नगर प्रहरी नियूक्ति** एवम् परिचालनको कार्य गरिनेछ ।

११३.नगरकार्यपालिकाले गरेका निर्णयहरु पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिनेछ ।

११४. नगरका सेवा र सूचनाहरु अनलाइन मार्फत प्रवाहित गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवासुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी बनाईनेछ ।

११५. विकास मैत्री सञ्चार, सञ्चार मैत्री सरकारको मान्यता अनुसार विद्युतीय र छापा सञ्चारसंग सहकार्य गरिनेछ ।

११६. सेवा प्रवाहमा टोकन प्रणाली, सार्वजनिक सुनुवाई, जनता संग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र विविध प्रविधि संग जोडिनेछ ।

११७. नगरको सूचना प्रवाहमा एकद्वार प्रणाली अपनाईनेछ ।

११८.सुचनाको हकको प्रत्याभूतिका गराउदै नगरपालिकाभित्र एक विद्युतीय सूचना केन्द्रको स्थापना गरिनेछ ।

११९. बढी दुर्घटना र अति जोखिमयुक्त स्थानमा आइ.पि.मा आधारित सि.सि. क्यामराको व्यवस्थापन गरि सडक दुर्घटनालाई न्यूनिकरण गर्ने एवम् अपराध अनुसन्धानमा सहयोग पुर्‍याउने योजना अगाडि बढाइनेछ ।

१२०. सूचना प्रविधिको उच्चतम प्रयोग सम्बन्धी वडा स्तरमा गई जनमानसमा सचेतनामूलक र अभिमुखीकरण कार्यक्रम गरिनेछ ।

१२१. नगरपालिका क्षेत्र भित्रका विभिन्न श्रोतहरुको (विद्यालय, विभिन्न सरकारी निकायहरु, बैंक, मन्दिर, अस्पताल, विभिन्न फर्महरु, आदिको) डिजिटल श्रोत नक्शा तयार पारिनेछ ।

**विविध**

१२२. पटक पटक भारतीय पक्षबाट भैरहेको सीमा अतिक्रमणको समाधानका लागि नेपाल सरकारसंगको समन्वयमा विशेष पहल गरिनेछ ।

१२३. कुटनैतिक पहल गरी विभिन्न राष्ट्रका नगरहरुसँग भगीनी सम्बन्ध कायम गरी अनुभव तथा सहयोग आदान प्रदान गर्न पहल गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरुः**

१२४. उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनको दिशामा केन्द्रित भई आगामी आ.व. २०७७।७८ का लागि बजेट तयार गरिएको छ ।

अन्त्यमा:

नेपालको संविधानबाट स्थानीय तहलाई प्राप्त अधिकारहरुको प्रभावकारी कार्यान्वयनको अभ्यास मार्फत समृद्ध पुनर्वास निर्माणका लागि प्राप्त अवसर एवं  कोरोना रोगको महामारी विरुद्धको लडाइ जित्नुपर्ने चुनौतिपूर्ण घडीमा प्रस्तुत नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा नगरका सबै तह र तप्काबाट सहयोग एवं योगदान पुग्ने विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तयार पार्नमा सहयोग गर्नु हुने कार्यपालिकाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु,राजनीतिक दलका अगुवाहरु,नागरिक समाजका सदस्यहरु, स्थानीय बुद्धिजीविहरु,सञ्चारकर्मीहरु तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

धन्यवाद ।

१०,आषाढ,२०७७
जीवनराज थापा
नगर प्रमुख